# सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ८ बर्षः ८ संख्याः १९ मितिः आषाढ २७ गते, २०८१**

## भाग - १

## सहकारी ऐन, २०७४ (प्रथम संशोधन), २०८१

**प्रस्तावनाः** सिद्धार्थनगर नगरपालिकाको सहकारी ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**सहकारी ऐन, २०७४ (प्रथम संशोधन), २०८१** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सहकारी ऐनको दफा १० मा संशोधन** - सहकारी ऐन, २०७४ (यस पछि "मूल ऐन" भनिएको) को दफा १० मा उपदफा थप गरी

"(२) सिद्धार्थनगर नगरपालिकाले आफ्नो नियमन क्षेत्राधिकारमा सेवा संचालन गर्ने सहकारी संघ/संस्था/बैंकलाई सूचिकृत गरी प्रमाणपत्र उपलब्ध गराउनेछ ।"

"(३) उपदफा २ बमोजिम सूचिकृत नहुने संस्थाहरुलाई नगरपालिकाले कारोबार संचालनमा रोक लगाउन सक्नेछ ।" भन्ने वाक्यांश थप गरिएको छ ।

३. **मुल ऐनको दफा ४९ मा संशोधन** - (१) मुल ऐनको दफा ४९ को उपदफा १ मा "रकम" भन्ने शव्द पछि "संघीय कानूनमा व्यवस्था भए बमोजिमको" भन्ने शव्द हटाई "सिद्धार्थनगर नगपालिकाको" भन्ने शव्द राखिएको छ ।

(२) उपदफा २ मा १ मा "उपयोग" भन्ने शव्द पछि "संघीय कानुनमा व्यवस्था भए बमोजिम" भन्ने शव्द हटाई "स्थानीय तहको कानूनमा व्यवस्था भए बमोजिम" भन्ने शव्द राखिएको छ ।

**४. मूल ऐनको दफा ५४ मा संशोधन- -** (१) मुल ऐनको दफा ५४ को उपदफा १ मा "इजाजत प्राप्त" भन्ने शव्द पछि "सिद्धार्थनगर नगरपालिकामा सूचिकृत" भन्ने शव्द थप गरिएको छ ।

**(२)** ठाँउ ठाँउमा "इजाजत प्राप्त लेखा परीक्षक" भन्ने शव्दको सट्टा "इजाजत प्राप्त गरी नगरपालिकामा सूचिकृत" भन्ने शव्द मिलाईएको छ ।

**५. मुल ऐनको दफा ९४ मा संशोधन -** (१) मुल ऐनको दफा ९४ मा देहायको उपदफा थप गरिएको छ ।

"(१) संस्थाहरुले अन्तर सहकारी कारोवार गर्न, सहकारी संस्था बीच सूचना, समन्वय, सहकार्य तथा दिगो विकास हासिल गर्न सिद्धार्थनगर नगरपालिकाको कार्यक्षेत्र भित्र संचालनमा रहेका संस्थाहरु एक आपसमा मिली सहकारी संजाल गठन गर्न सक्नेछन् ।"

"(२) सहकारी सञ्जाल संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

आज्ञाले:

जनक थापा

प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थनगर नगरपालिका